# भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)
शङ्खमूल, काठमाडौं

## लेख रचना पठाउने सम्बन्धी सूचना

**(सूचना प्रकाशन मितिः२०८३।०५।०१)**

भाषा आयोगले गत बर्षझैं यस आ.व. २०८३/०८४ मा भाषालोक (अनुसन्धानमूलक पत्रिका) शीर्षकको प्राज्ञिक प्रकाशन गर्ने कार्यक्रम रहेकाले सम्बन्धित विज्ञ, विद्वान्, अध्येता, अनुसन्धानकर्ता लेखकहरूबाट देहायबमोजिमका आधारमा लेख रचना उपलब्ध गराउन अनुरोध छ।

**१. लेख रचनाका शर्तहरू देहायबमोजिम हुनेछन् :**

क) लेखक परिचय (१५० शब्दमा) र लेखकको पासपोर्ट साइजको फोटो ।

ख) लेख रचना २५०० देखि बढीमा ३५०० शब्द सम्मको हुनुपर्नेछ।

ग) लेख रचना देवनागरी लिपिका लागि Kalimati Font Size १२ मा र अङ्ग्रेजी भाषामा New Times Roman Font Size 12 मा तथा अन्य मातृभाषाका लिपिहरूको हकमा सोही साइज अनुसार हुनेगरी पठाउनुपर्नेछ।

घ) लेखकले आफ्नो लेख रचनामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने कुराहरूः

- आलेख सार (शब्दकुञ्जी समेत १५० देखि २०० शब्दमा)
- परिचय
- मुख्य विषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्री

ङ) सन्दर्भ सूची तथा उद्धरण APA 7th edition Format मा हुनुपर्ने।

च) आग्रह/पूर्वाग्रह रहित प्राज्ञिक लेख हुनुपर्ने।

छ) लेख/रचना पठाउँदा Soft/Digital Copy (Hard Copy सहित) इ-मेल गरिएको हुनुपर्दछ।

ज) लेख अन्यत्र प्रकाशित नभएको हुनुपर्ने।

झ) लेख रचना स्वीकृत/प्रकाशन गर्ने नगर्ने, काँटछाँट गर्ने सम्पूर्ण अधिकार भाषा आयोगको सम्पादक मण्डलमा रहनेछ।

ञ) आयोगमा प्राप्त लेख/रचना प्राथमिकताका आधारमा प्रकाशन गरिनेछ।यस भाषालोक अनुसन्धानमूलक पत्रिका)) मा प्रकाशित लेख/रचना आयोग लाई जानकारी नदिई अन्य पत्र-पत्रिकामा प्रकाशन गर्न पाइने छैन।

ट) लेख रचना पठाउन भाषा आयोग शङ्खमूल, काठमाडौंको फोन नं. ०१-५२४२२३३/५२४२०४६/५२४२२३१ मा सम्पर्क गरी वा इमेल ठेगाना language.commission2016@gmail.com मा पठाउन सकिनेछ।

ठ) अन्यत्र प्रकाशित भैसकेका लेख/रचना प्रकाशन गरिने छैन।

ड) प्रकाशित लेखबापत तोकिएबमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।

ढ) NEPJOL मा सूचीकृत गरिने हुँदा Peer review हुनेछ ।

**२. समय तालिका**

क) लेख रचना प्राप्त गर्ने समयसीमाः २०८३ कार्तिक मसान्तसम्म। म्यादभित्र नआएका लेख रचना प्रकाशन गरिने छैन।

ख) पुनरावलोकन, सम्पादन र लेख स्वीकृत मितिः २०८३ मंसिर मसान्तसम्म।

ग) लेख स्वीकृत हुने मितिः २०८३ पुष मसान्तभित्र।

घ) भाषालोक (अनुसन्धानमूलक पत्रिका) प्रकाशनः २०८३ माघ मसान्तसम्म।

**भाषालोक**

**(अनुसन्धानमूलक पत्रिका)**

**<u>मुख्य विषय क्षेत्रहरूः (यस अन्तर्गत विभिन्न शीर्षकमा लेख तयार पार्न सकिने)</u>**

१) **सरकारी कामकाजको भाषा**

- सङ्घ तथा प्रदेशमा सरकारी कामकाजको भाषा प्रयोगका कार्यदिशा
- सरकारी कामकाजको भाषामा लिपि र प्रविधि उपयोग
- भाषिक सङ्घीयता र कानुनी प्रबन्ध
- सञ्चारमा भाषिक प्रयोगको अवस्था
- नेपालमा साङ्केतिक भाषाको प्रयोग
- भाषिक औपनिवेशिकरणको प्रभाव
- नेपालको भाषा नीति र योजना
- भाषिक जनशक्ति, योजना र विकास
- भाषिक सक्षमता, प्रमाणीकरण उपयोग
- अन्तराष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) को समीक्षा

२) **भाषाको संरक्षण तथा संवर्धन**

- नेपालमा भाषिक संरक्षण, पुस्तान्तरण र अपसरण
- Language revitalization with machine translation/यान्त्रिक अनुवादसँगै भाषाको पुनर्जीवन
- भाषिक पक्षहरूमा अध्ययन (भाषाविज्ञान, ध्वनिविज्ञान, वर्णविज्ञान, लेखन पद्धति, समाज भाषाविज्ञान, व्याकरणिक कोटिहरु, भाषिक इतिहास, ऐतिहासिक भाषा विज्ञान आदि)
- भाषिक बफादारिता/अपसरणको स्थिति
- Translanguaging possibilities in the Nepalese Context/नेपाली सन्दर्भमा भाषान्तरणका सम्भावनाहरू

३) **मातृभाषामा शिक्षा**

- विश्व परिवेशमा मातृभाषा शिक्षाको अभ्यास
- विद्यालय शिक्षामा मातृभाषा शिक्षाको अभ्यास र अनुभव
- नेपालमा दोस्रो र विदेशी भाषा सिकाइ
- मातृभाषा शिक्षा (दोस्रो भाषाको रूपमा नेपाली भाषा शिक्षण)
- विद्यालयमा स्थानीय पाठयक्रम (मातृभाषा) पठनपाठनको अवस्था
- भाषा शिक्षामा लगानीको अवस्था

४) **भाषिक अध्ययन, अनुसन्धान**

- नेपालको भाषिक सर्वेक्षण/सिंहावलोकन
- विश्वविद्यालयहरूमा भाषिक अनुसन्धानको स्थिति

५) **भाषा, सूचना र प्रविधि**

- अन्तर्भाषिक पद्धति निर्माणका लागि यान्त्रिकीकरण प्रयोग
- लोपोन्मुख भाषाका प्रोफाइल (विभिन्न भाषाहरु)

६) **अन्तर्राष्ट्रिय सन्दर्भ**

- स्थान नामकरणमा रैथाने भाषाको प्रयोग
- अन्तर्सिमामा बोलिने भाषाहरूको अध्ययन सन्दर्भ
- दक्षिण एसियामा भाषिक पहिचान र व्यवस्थापन

७) **भाषासम्बन्धी समसामयिक विषयहरू**